# प्राक्कथन

विश्व साहित्यको इतिहास अध्ययन गर्दा अधिकांश भाषाका साहित्यको थालनी कविताबाट भएको पाइन्छ। यस सन्दर्भमा नेपाली साहित्य पनि अपवाद होइन। यसैले नेपाली साहित्यको इतिहासमा कविता विधाको समृद्धि र सशक्तताले एउटा गौरवशाली इतिहास बोकेको पाइन्छ। यस इतिहासको पृष्ठमा कवि तुलसी 'अपतन'-को पनि उल्लेखनीय भूमिका रहेको छ। भारतीय नेपाली साहित्य, विशेष सिक्किमको परिप्रेक्ष्यमा उनलाई एक माइल खुट्टीको रूपमा लिन सकिन्छ। तथापि आजसम्म उनको कवि व्यक्तित्व तथा काव्य-कृतिहरूको आधारमा नेपाली साहित्यप्रति उनको योगदान विषय छिटपूट रूपमा परिचयात्मक मूल्याङ्कन बाहेक कतै विस्तृत अध्ययन र मूल्याङ्कन हुनसकेको छैन। शोधात्मक मूल्याङ्कनमाथि सर्जकको अस्मिता र अस्तित्त्व निर्भरित मात्र होइन कुनै पनि भाषा-साहित्यको उतार-चढ़ाउ निर्भर गर्छ। यसैले कवि तुलसी 'अपतन'-का काव्य-कृतिहरूको विश्लेषणात्मक अध्ययन र मूल्याङ्कन गर्नु आवश्यक मात्र होइन नेपाली साहित्य अध्ययन परम्परामा यसको उपयोगिता पनि रहेकोले उनका काव्य-कृतिहरूलाई अध्ययनको क्षेत्र बनाएर शोधकार्य गर्ने निश्चय गरेकी छु।

आफू विद्यार्थी छँदादेखि नै कवि तुलसी 'अपतन'-का कविताहरू, विशेष **'नहेर आज मलाई'**-मा सङ्ग्रहित, पढ़ेर खुबै प्रभावित भएको थिएँ। यसमा कविताप्रति उनका अवधारणाहरू घतपर्दो लागेको थियो। महाविद्यालयदेखि विश्वविद्यालयसम्म नै मेरा गुरु रहनुभएका कवि तुलसी 'अपतन'-को आदर्श व्यक्तित्वले पनि ममा एउटा छाप छोड़ेको थियो। पछि उनका खण्डकाव्य **'कर्ण-कुन्ती'** अनि लघु खण्डकाव्य सङ्ग्रह **'बुद्धि बँगारो'**-मा पाइने युगसापेक्षता र नेपाली मात्र होइन सम्पूर्ण मानव समाजको समसामायिक यथार्थ प्रदर्शनले विस्तृत रूपमा उनका काव्य-कृतिहरूको अध्ययन गर्ने जाँगर चल्यो। अर्कोतिर आफू धेरै वर्षदेखि नेपाली साहित्य शिक्षणसँग पेशागत रूपले संलग्न रहेकोले उनका काव्य-कृतिहरूको अध्ययन-अध्यापन केही हदसम्म गर्नपाएको हुनाले यसैलाई शोध प्रबन्धको निम्ति उपयुक्त विषय लागेकोले अनि कवि स्वयंको र मेरा श्रीमान डा० इर्शाद अहमदको सुझाव र प्रोत्साहनले प्रेरित भएर सन् २००० को जून महिनामा मेरा श्रद्धेय गुरु प्रोफेसर भीमकान्त उपाध्यायको कुशल निर्देशनमा उत्तर बंग विश्वविद्यालयमा शोधकार्यको पञ्जीकरण भयो। तर महाविद्यालयको विभिन्न कार्यसँगको व्यस्तताले निर्धारित अवधिमा शोध प्रबन्ध तयार पारी बुझाउँन असमर्थ भएकोले सन् २००५ मा पुन: पञ्जीकरण गर्नपर्‍यो।

शोध प्रबन्धको शीर्षक विषय केही भन्नुपर्दा, **''तुलसी 'अपतन'-का काव्य-कृतिहरूको विश्लेषणात्मक अध्ययन''** शीर्षक राखिएको भए तापनि अध्ययन-अनुशीलन गरेर हेर्दा उनका कविताहरूमा, अरू प्राय: कविहरू जस्तै, उनको व्यक्तित्वहरू-व्यक्तिगत र शिक्षक जीवनको प्रभाव र प्रतिच्छायाहरू परेको पाइएको हुनाले प्रस्तुत शोध प्रबन्धलाई उनका काव्य-कृतिहरूको विश्लेषणात्मक अध्ययनमा मात्र

सीमित नराखेर उनका जीवनका विभिन्न पक्षलाई पनि शोधको परिसीमाभित्र ल्याइएको छ। यसरी उनका काव्य-कृतिहरूलाई प्राज्ञिक ढाँचामा अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नको निम्ति यी सबको नितान्त आवश्यक्ताबोध गरेको हुनाले नै यी सब पक्षहरूलाई सिलसिलाबद्ध रूपमा राखी शोधकार्यलाई अघि बढ़ाउन मुनासिब ठानेकी छु। प्रस्तुत शोध प्रबन्ध यसै परियोजनाको प्रतिफल हो।

कवि तुलसी 'अपतन'-का जम्मा २ वटा नाटक, तीनवटा एकाङ्की, एकाध कथा र लेखहरू प्रकाशित पाइए तापनि उनका ४ वटा कविता सङ्ग्रह, २ वटा लघु खण्डकाव्य सङ्ग्रह र १ वटा खण्डकाव्यमा नै केन्द्रित भएर शोधकार्य गरिएको छ। काव्यकृतिहरू, सन्दर्भ ग्रन्थहरू, पत्र-पत्रिकादिको रचनाकाल एवं प्रकाशनकाल, कविको जीवनीसम्म विभिन्न तथ्यहरू जनाउन यथासम्भव ईश्वी सन्‌को प्रयोग गर्न साथै आवश्यकीय तथा सान्दर्भिक स्थानमा वि० स० पनि प्रयोग गरिएको छ।

मेरो शोधकार्य प्रथम चरणमा आफ्नो अन्य कार्यहरू पर सारेर विरक्त नमानी दिनहुँ आफ्नो पुस्तकालयमा काम गर्न दिनु मात्र होइन अप्राप्य शोध सामग्रीहरू उपलब्ध गराएर मलाई सधैं प्रेरणादायक सहयोग पुर्‍याउनुहुने डा० **पारसमणि प्रधान स्मारक शोध पुस्तकालय**-का संरक्षक श्री नगेन्द्रमणि प्रधानप्रति म कृतज्ञता ज्ञापन गर्दछु।

शोधकार्यको निम्ति मलाई सधैं उत्साह र प्रेरणा दिइरहनु मात्र होइन आवश्यकीय शोध सामग्रीहरू समेत उपलब्ध गराइदिनु हुने मेरा श्रद्धेय गुरुवर तुलसी बहादुर छेत्रीमा म सदैव आभारी छु।

शोधकार्यको निम्ति सामग्री सङ्कलनको क्रममा विभिन्न प्रकारले सहयोग र प्रेरणा पुर्‍याउनु हुने डा० इन्द्र बहादुर राई, डा० कमला सांकृत्यायन, डा० जस योञ्जन प्यासी, डा० कुमार प्रधान, प्रा० एस० नर्बू, प्रा० कविन्द्र तामाङ, डा० जीवन नामदुङ, श्री जीवन लावर, श्री शरद् छेत्री, श्री विनय देवान, डा० पुष्पा शर्मा प्राथमिक सामग्रीमध्ये अप्राप्य **'संकल्प'** (कविता सङ्ग्रह) जेरक्स गरी हात पारिदिनुहुने दाज्यु हरेन आलेप्रति आजीवन कृतज्ञ रहनेछु।

त्यसरी नै शोध सामग्री बटुल्ने क्रममा आआफ्ना संस्थाक पुस्तकालयहरू प्रयोग गर्नदिनुहुने नेपाली साहित्य सम्मेलनका पदाधिकारीवर्ग, मेरो सुविधाअनुसार यस पुस्तकालय खोलिदिएर आफ्नो तर्फबाट पनि सामग्रीहरू जुटाई सहयोग गर्नुहुने स्व० धर्म बस्नेत, दार्जीलिङ देशबन्धु पुस्तकालय, नेपाली अध्ययन समिति, कालिम्पोङ पुस्तकालय, दार्जीलिङ सरकारी महाविद्यालयका केन्द्रीय, नेपाली अङ्ग्रेजी, नेपाली र बंगला विभागीय पुस्तकालयका पुस्तकालयाध्यक्ष सबै-सबैमा मेरो साधुवाद जनाउँछु।

कवि तुलसी 'अपतन'-ले काठमाडौं, नेपालबाट पाएका विभिन्न साहित्यिक पुरस्कारहरू विषय सविस्तार जानकारी दिनुहुने श्रद्धेय प्रोफेसर टाकुरप्रसाद पराजुली, त्रिभुवन विश्वविद्यालय, काठमाडौं, प्रति पनि म आभारी छु।

शोधकार्यको निम्ति विश्वविद्यालय अनुदान आयोगको नवौं पञ्चवर्षीय योजना अन्तर्गत २ वर्षे शिक्षावृत्ति प्राप्त गर्नमा सहयोग पुर्‍याउनुहुने उत्तर बंग विश्वविद्यालय विकास अधिकारी डा० एस० एल० दत्त साथै विश्वविद्यालय अनुदान आयोगका पदाधिकारीवर्ग लगायत २ वर्षे अध्ययन विदाको मञ्जुरी दिने महाविद्यालयका तत्कालीन प्राचार्य प्रोफेसर दिपक राय अनि पश्चिम बंगाल सरकारका उच्च शिक्षा विभाग

र निर्देशालयका सम्बन्धित सबै पदाधिकारीवर्गमा म कृतज्ञता जनाउँछु। यस अवधिमा मलाई सहयोग गर्नुहुने विभागाध्यक्ष प्रा॰ प्रेम दोर्जी शेर्पा लगायत मेरा सहकर्मीवृन्द सबैमा म आभारता व्यक्त गर्छु।

शोधकार्यको क्रममा कतिपय व्यवस्थाहरू नमिल्दा निरूत्साही भएको देखेर आफ्नो व्यस्ततालाई पनि पन्छाई हरतरहले मानसिक बल पुऱ्याई फेरि कार्य जारी राख्न सुऱ्याउने साथै लेख्न बस्दा परेको चिन्तनको गाँठोलाई फुकाई बहुमूल्य प्राज्ञिक सुझावहरू दिएर प्रेरणा-प्रोत्साहन दिने साथै पारिवारिक उत्तरदायित्व धेरै हलुको बनाइदिने मेरो श्रीमान डा॰ इर्शाद अहमदप्रति चिर ऋणी छु।

मेरा शुभेच्छुकहरू श्रद्धेय गुरुमा लक्खीदेवी सुन्दास, मित्र फादर (डा॰) जर्ज थाडायिल, भाइ प्रा॰ अमित भट्टचार्य आदि बन्धुगणका प्रेरणा-प्रोत्साहनको निम्ति म आभारी छु।

आफ्नो स्नातक त्यसपछि स्नात्तकोत्तरको अध्ययनको अवधिमा पनि मलाई स्नेहसाथ पारिवारिक उत्तरदायित्वबाट फूर्सद दिनु मात्र होइन समयमा खानपिनको सुचारू व्यवस्था गरिदिने र शोधकार्य सिध्याउनमा सहयोग गर्ने भदैनीद्वय प्रभासना र उपासना अनि ६ वर्षको उमेरदेखि नै म पढ़न-लेख्न बस्दा नसताई मलाई आफ्नै प्रकारले सहयोग गर्ने एकलौती छोरी इग्नाजप्रति पनि म ऋणी छु।

शोधप्रबन्ध चाँड़ो तयारी पार्नु भनी सधैँ विभिन्न प्रकारका सुविधा-सहयोग उपलब्ध गरेर प्रेरणा-प्रोत्साहन दिइरहने मेरा माइत र ससुरालीका प्रत्येक सदस्यप्रति आभारी छु।

प्रत्येक भेटाईमा शोधकार्य चाँड़ो सिध्याउनुको निम्ति प्रोत्साहित गरेर आत्मीयता जनाउनुहुने श्रद्धेय गुरुमा श्रीमती मलयादेवी उपाध्यायप्रति म आभारता व्यक्त गर्दछु।

मेरो शोधकार्यको निम्ति निर्देशकको अभिभारा लिइदिन मञ्जुरी दिनुहुने शोध विषय प्रथमपल्ट सन् २००० मा पञ्जीकरण गराउन र निर्धारित अवधिमा शोधकार्य पूरा गर्न नसक्दा पुन: सन् २००५ मा पञ्जीकरण गराउन साथै प्रस्तुत शोधप्रबन्धको प्रारूप तयार पार्नदेखि लिएर यसको प्रस्तुतिकालसम्मै आत्मीयतासँग एक साँचो अभिभावकको रूपमा कुशल निर्देशनले मलाई चिरऋणी तुल्याउनुहुने मेरा श्रद्धेय गुरुवर एवं शोधनिर्देशक प्रोफेसर (डा॰) भीमकान्त उपाध्यायप्रति म हार्दिक आभार व्यक्त गर्दछु।

आफ्ना अन्य कामहरू थन्काएर प्रस्तुत शोधप्रबन्धको कम्प्युटरीकृत अक्षर-संयोजना एवं सज्जामा साथ दिने भाइद्वय मिलन बान्तवा र विधान चन्द्र राईलाई पनि म धन्यवाद जनाउँदछु।

शोधार्थी

[signature]

ललीता राई

स्नात्तकोत्तर नेपाली विभाग,
दार्जीलिङ सरकारी महाविद्यालय
दार्जीलिङ
दिनाङ्क : ....................